प्रशासन, सार्वजनिक प्रशासन सम्बन्धी पत्रिका
वर्ष ३८, अंक ३, पूर्णाङ्क १०६, आषाढ २०६४

# नेपालको न्याय प्रशासनः एक अध्ययन

प्रकाश पण्डित*

## १. न्याय प्रशासनको अर्थ र परिचय :

राज्यका धेरै कार्यहरु मध्ये न्याय प्रशासन एक महत्वपूर्ण कार्य हो । न्याय प्रशासनका माध्यमबाट राज्यमा कानून र सुव्यवस्था (Law and order) कायम गर्नमा मद्दत पुग्दछ । यसबाट नागरिकहरुले राज्यको आवश्यकता एवम् महत्वको अनुभव गर्न सक्दछन् । राज्यमा न्याय प्रशासन नहुँदा, न त शान्ति, सुव्यवस्था कायम रहन सक्दछ, न त कानूनी राज्यको प्रत्याभूति नै नागरिकहरुले गर्न सक्दछन् । यसको अभावमा नागरिकहरुको मौलिक, संवैधानिक एवम् कानूनी हक अधिकारको संरक्षण हुन नसकी समाजमा कलह एवम् विद्रोह पैदा हुन्छ भने, बलियाहरु मात्र बाँच्न सक्ने वातावरणको विकास हुन्छ । तसर्थ सम्पूर्ण नागरिकहरुका प्रकृति प्रदत्त तथा संविधान तथा कानून प्रदत्त हक, अधिकार एवम स्वतन्त्रताहरुको पूर्ण प्रत्याभूतिका साथ समाजमा शान्ति, सुव्यवस्था र कानूनी राज्य कायम गर्नमा महत्वपूर्ण हात रहेको हुन्छ ।

राज्यका प्रमुख तीन अंगहरु मध्ये न्यायपालिका एक अंग हो । नागरिकहरुको हक अधिकारको संरक्षण एवम् सम्बर्धन गर्नु र कसैले कसैको हक अधिकार माथि आघात पुऱ्याएमा त्यसको उपचार प्रदान गरी आघात पुऱ्याउने (Wrongdoers) प्रति सजायँ दिनु न्यायपालिकाको प्रमुखतम् कार्य हो । न्यायपालिकाको यस कार्यलाई "न्याय प्रशासन" भनेर भनिन्छ । यहाँ प्रयुक्त "न्याय" (Justice) शब्दले अमूर्त रुपमा "नैतिक गुण" (Moral virtue) अथवा आदर्श (Ideal) लाई इंगित गर्दैन, यसले मात्र कानून बमोजिमको न्याय (Justice according to law) लाई इंगित गर्दछ । अर्को शब्दमा भन्नुपर्दा न्याय-प्रशासनले कानूनद्वारा निर्धारित एवम् प्रदत्त अधिकारको कार्यान्वयन (Enforcement of right defined by laws) भन्ने बुझाउँछ । अतः न्याय प्रशासन (Administration या Justice) भन्नाले राज्यद्वारा नागरिकहरुलाई प्रदत्त अधिकार र कर्तव्य (Rights and duties) को अदालतद्वारा निश्चय गर्ने कार्य भन्ने बुझिन्छ । प्रसिद्ध विधिशास्त्री Salmond न्याय प्रशासनलाई राज्यको भौतिक बलका माध्यमबाट राजनैतिक समुदायभित्र अधिकारको पालनपोषण (Maintenance या right within a political community by means या the physical force या the state) भन्दछन् । Salmond को यस परिभाषालाई धेरै विधिशास्त्रीहरुले आलोचना गरेको पाइन्छ । उनका आलोचकहरुका अनुसार कानून पालना गराउने कारकतत्व राज्यको शक्ति (The force या the state) मात्रै छैन, बरु अरु धेरै यस्ता तत्वहरु छन्, जसले कानूनको पालना गराउनमा मद्दत पुऱ्याइरहेका हुन्छन् । जस्तैः सामाजिक दण्ड, बानी र सुविधा (Convenience) । उनीहरुका अनुसार एक सभ्य समाजमा कानूनको पालना एक आदत (Habit) बनिसकेको हुन्छ र धेरै न्यून रुपमा मात्र कानूनको पालना गराउन राज्य शक्तिको प्रयोग गरिन्छ । Salmond का समर्थकहरु पनि छन् । उनीहरु भन्दछन्- सम्पूर्ण कानून पालना राज्यशक्तिको आडमा भएको छैन भन्नुको अर्थ राज्यको नियन्त्रण नै निर्लुप्त भयो भन्नु होइन । बरु अन्तिम र सर्वोच्च नियन्त्रण राज्यको रहेको देखाउनु हो । यसरी हेर्दा न्याय प्रशासनमा मुख्यतः तीन तत्वहरु रहेको पाइन्छ । ती हुन् राज्य (The state) कानून (The Law) अनि राज्यशक्तिको आडमा कानून पालनाको प्रत्याभूति (Securing obedience to law by means या the physical force या the state)

## २. न्याय प्रशासनको फाइदा र बेफाइदाहरु :

माथि उल्लेख गरियो कि, न्याय प्रशासन राज्यको एक महत्वपूर्ण र आवश्यकीय कार्य हो । यसका आफ्नै फाइदा र बेफाइदाहरु पनि रहेकाछन् । जसलाई संक्षिप्त रुपमा यसरी उल्लेख गर्न सकिन्छ ।

(क) **फाइदाहरु :**

१. न्याय प्रशासनले न्यायको प्रशासनमा एकरुपता ल्याउँछ ।
२. यसले व्यक्तिहरुलाई आफ्नो व्यवहार कानून बमोजिम निर्धारण गर्नमा समर्थ बनाउँछ ।

* श्रेस्तेदार, शाखा अधिकृत, प्युठान जिल्ला अदालत

३.	यसबाट नियमहरु स्पष्ट र निर्धारित हुन्छन् । जसबाट न्यायाधीशहरुलाई कानून एकरुपतापूर्वक लागू गर्नमा मद्दत पुग्दछ ।
४.	न्याय सम्पादन कानूनका निर्दिष्ट नियमहरुका आधारमा हुने हुँदा निश्पक्षता र समानता (Impartiality and equality) मा बल पुग्दछ ।
५.	कानूनका नियमहरुले समुदायको सामुहिक विवेक (Collective wisdom) को प्रतिनिधित्व गर्ने र त्यसको आधारमा न्याय सम्पादन हुने हुँदा त्यहाँ गल्ती हुने सम्भावना कम हुन्छ ।
६.	अन्त्यमा न्याय प्रशासनले कानूनमा एकरुपता र संयोजन ल्याउनुका अतिरिक्त कानूनको व्यवस्थित विकासलाई मद्दत पुऱ्याउँछ ।

(ख)	**बेफाइदाहरु :**

न्याय प्रशासनका केही बेफाइदाहरु पनि रहेकाछन् । जसलाई निम्न रुपमा हेर्न सकिन्छ ।

१.	प्रथमतः यसले कानूनलाई कठीन बनाउँछ । एकै किसिमका सबै विवादहरुमा एउटै नियम लागू गर्न कहिलेकाँही कठिनाई उत्पन्न हुनुका साथै अन्याय पनि पर्न जान्छ ।
२.	दोस्रो यसले कानुनलाई रुढीगत (Conservative) बनाई दिन्छ । किनकी, कानूनमा समाजको गति अनुसार परिवर्तित परिस्थिति संगत विचारहरु र न्यायका सिद्धान्तहरु नसमेटिन सक्छन् । छिटो-छिटो कानूनको संशोधन स्वाभाविक मान्न सकिँदैन ।
३.	तेस्रो, न्याय प्रशासनले कानूनलाई एकदमै औपचारिक बनाई दिन्छ । सारवान कुरालाई भन्दा तोकिएको औपचारिक ढाँचालाई बढी महत्व दिइन्छ ।
४.	अन्त्यमा, कानून अन्त्यत कठिन हुन जान्छ । कानुन बुझ्न गाह्रो पर्ने हुँदा, तर्कका आधारमा व्याख्या हुन्छ, जसको कारण कानूनले निश्चितता गुमाउँछ । जुन एक राम्रो कानुनको लागि आवश्यक छ । (Law looses certainty which is very essential for a good law)

उल्लिखित न्याय प्रशासनका फाइदा र बेफाइदाहरुको अध्ययनबाट के भन्न सकिन्छ भने, न्याय प्रशासनका फाइदाहरुको तुलनामा बेफाइदाहरु नगण्य रहेका छन् । न्याय प्रशासनले कानूनी राज्यलाई स्थापित गर्दछ, जुन प्रजातान्त्रिक समाजको अतिप्रिय आदर्श (Most cherished ideals of the democratic society) हो ।

## ३.	न्याय प्रशासनको विभाजन :

न्याय प्रशासनलाई सामान्यतः दुई भागमा विभाजन गर्न सकिन्छ । देवानी न्याय प्रशासन र फौज्दारी न्याय प्रशासन ।

(क)	**देवानी न्याय प्रशासन :**

देवानी न्याय प्रशासन देवानी विषय वस्तु भएका विवादहरुसँग सम्बन्धित छ । देवानी न्याय प्रशासनले देवानी गल्तीहरु हेर्दछ र सामान्यतः मर्कापर्ने पक्षलाई मर्काको क्षतिपूर्ति भराई दिन्छ । अर्को अर्थमा सजिलो गरी भन्दा देवानी न्यायप्रशासन देवानी न्याय (Civil Justice) सँग सम्बन्धित छ । देवानी कार्यवाही (Proceedings) मुख्यतः दुई किसिमका छन् ।

१.	**प्राथमिक अधिकार :** प्राथमिक अधिकार भन्नाले व्यक्तिको पूर्ववत् अधिकारलाई जनाउँछ । ती अधिकारहरु कसैले गरेको देवानी गल्तीबाट जन्मिएका होइनन् । जस्तो कि A र B का बीचमा कुनै काम कुरा गर्ने करार भएको छ भने त्यो करार बमोजिम गरी पाउने दुवैको प्राथमिक अधिकार हो ।
२.	**दण्डात्मक वा उपचारात्मक अधिकार :** दण्डात्मक वा उपचारात्मक अधिकार ती अधिकार हुन जो प्राथमिक अधिकारको उल्लंघनबाट प्राप्त भएको हुन्छ । जस्तो माथिको उदाहरणमा यदि A ले करार मान्न अस्वीकार गरेको खण्डमा करार बमोजिम A बाट B ले क्षतिपूर्ति पाउने अधिकार B को दण्डात्मक वा उपचारात्मक अधिकार हो ।

जसरी देवानी Preceedings दुई किसिमका छन् । त्यसरी नै देवानी न्यायप्रशासन (Administration या civil justice) पनि दुई किसिमका रहेकाछन् ।

(१)	**विशेष कार्यान्वयन** (Specific enforcement) : कानूनको प्राथमिक उद्देश्य प्राथमिक अधिकारको कार्यान्वयन नै हो । जब प्राथमिक अधिकारहरु (Primary rights) स्वतः आफैं कार्यान्वित हुन्छन् । त्यस अवस्थामा दण्डात्मक अधिकार (Sanctional rights) को प्रश्न नै उठ्दैन । प्राथमिक अधिकारको कार्यान्वयन गराउनुलाई Specific enforcement भनिन्छ । जस्तो कि माथिको उदाहरणमा A ले करार मान्न अस्वीकार गरेको अवस्थामा उसलाई सो करार पालना गर्न स्वीकार गराउनु specific enforcement हो ।

(२) **दण्डात्मक कार्यान्वयन** (Sanctional enforcement) : प्राथमिक अधिकार लागू गराउन नसक्ने अवस्थामा त्यसबाट सृजित दण्डात्मक अधिकारको कार्यान्वयनलाई Sanctional enforcement भनिन्छ । Salmond ले Sanctional rights को enforcement लाई Sanctional enforcement भनेका छन् ।

(३) **फौज्दारी न्याय प्रशासन** : फौज्दारी न्याय प्रशासन (Administration या criminal justice) फौज्दारी कानूनको कार्यान्वयनसँग सम्बन्धित छ । फौज्दारी न्यायको उद्देश्य नै गल्ती गर्नेलाई दण्ड दिनु हो । गल्ती गर्ने पक्ष राज्यद्वारा दण्डित हुन्छ । यस सन्दर्भमा एउटा प्रश्न सदा उब्जिरहन्छ कि दण्डको उद्देश्य के हो ? अथवा फौज्दारी न्यायको उद्देश्य के हो ? यस सम्बन्धमा मुख्यतः दुईमत रहेको पाइन्छ । एकाथरीका अनुसार लोककल्याणकारी राज्यको संरक्षण र बढावा नै फौज्दारी न्यायको उद्देश्य हो । अर्काथरीका अनुसार दण्डको उद्देश्य बदला लिनु (Purpose या punishment is retribution) हो । यिनै मतहरुलाई आत्मसाथ गरी दण्डका मुख्यतः ५ सिद्धान्तहरु बनेका छन् । प्रतिबन्धात्मक सिद्धान्त (Preventive theory), निषेधात्मक सिद्धान्त (Deterrent theory), सुधारात्मक सिद्धान्त (Reformative theory), प्रतिशोधात्मक सिद्धान्त (Retributive theory) र प्रायश्चितको सिद्धान्त (Expiatory theory)

यस प्रकार फौज्दारी कानूनको उल्लंघन गर्ने माथि राज्यद्वारा सजायँ दिन कानून बमोजिम गरिने कार्यहरु फौज्दारी न्याय प्रशासन अन्तर्गत पर्दछन् ।

न्याय प्रशासनका यी दुई स्वरुप देवानी न्यायप्रशासन र फौज्दारी न्यायप्रशासनमा केही भिन्नताहरु पनि रहेको पाइन्छ । तथापि तल उल्लिखित भिन्नताहरु हाम्रो सन्दर्भमा त्यति स्पष्ट रुपमा देख्न भने नसकिएला । ती विभेदहरु यसप्रकार छन् :

(१) प्रथमत : यी दुई किसिमका न्याय प्रशासन सामान्यतः दुई पृथक अदालतहरुबाट सम्पादित हुन्छन् । जस्तो कि देवानी न्याय, देवानी अदालतहरुबाट र फौज्दारी न्याय फौज्दारी अदालतहरुबाट सम्पादित हुन्छन् ।

(२) दोस्रो : यी दुई किसिमका न्यायप्रशासनका लागि दुई किसिमका छुट्टै फरक ढाँचाका कार्यविधिहरु कानूनद्वारा नै तोकिएका हुन्छन् । र,

(३) तेस्रो : यी दुई न्यायप्रशासनका लागि निर्धारित कार्यविधि अन्तर्गत प्राप्त परिणाम पनि फरक किसिमका हुन्छन् । जस्तो देवानी न्यायप्रशासन अन्तर्गत मर्का पर्नेलाई मर्का पार्नेबाट क्षतिपूर्ति दिलाई दिने, ऋण असुली गरिदिने एवम् यस्तै प्रकृतिका अन्य उपचारहरु पर्दछन् भने, फौज्दारी न्यायको परिणाम गल्ती गर्ने माथि सजायँ हुन्छ ।

## ४. नेपालको न्यायप्रशासन :

नेपालको न्याय प्रशासनको अध्ययन गर्दा नेपालको प्राचिन इतिहासलाई कदापि बिर्सन सकिदैन । नेपालमा सर्वप्रथमतः गोपाल वंशीहरुले शासन गरेको अनुमान गरिन्छ । कलीयुगको प्रारम्भतिर नेपाल (काठमाडौं उपत्यका) मा गोपाल वंशको उदय भएको मानिन्छ । करिव पाँचसय पाँच वर्ष लामो मानिएको गोपाल वंशीय शासन व्यवस्थामा संगठीत न्याय प्रशासनको व्यवस्था रहेको पाइदैन । गोपालवंशीय राजालाई पराजित गरी अहिरहरुले शासन गरेको मानिन्छ । तर गोपाल वंशावली अनुसार गोपालहरुको पतन पश्चात करिव १६१ वर्ष महिषपालहरुले शासन गरेको मानिन्छ । प्रारम्भिक चरणका यी दुई राजवंश गोपाल र महिषपालकालीन न्यायप्रशासन सम्बन्धमा यसै भन्न सकिने अवस्था छैन । नेपालको न्यायप्रशासनलाई निम्नानुसार विभाजन गरी हेर्न सकिन्छ ।

### (क) किराँतकालीन न्याय प्रशासन :

किराँतकालीन न्यायप्रशासन किराँतीहरुको धर्म र सँस्कृतिबाट प्रत्यक्ष रुपमा प्रभावित रहेको देखिन्छ । राज्यको न्यायको स्रोत मानिने राजाबाट प्रत्यायोजित न्यायिक अधिकार प्रयोग गर्ने पञ्च भलादमी तथा न्याय सभाबाट नै न्यायप्रशासनको काम गरिन्थ्यो । यस अतिरिक्त राजाद्वारा स्थानीय खास-खास व्यक्तिहरुलाई पनि न्यायप्रशासनको काम सुम्पिएको देखिन्छ । किराँतकालमा मुन्धुम, धार्मिक परम्परा तथा रीतिरिवाजहरुलाई कानूनको रुपमा अगिंकार गरी सोही आधारमा न्यायप्रशासन संचालित भएको अनुमान गरिन्छ । सानातिना झै झगडा गाउँभेलाबाटै मिलाइन्थे र जटिल मुद्दामा राजाबाट न्यायसभा गठन गरी पञ्च भलादमी समेतको राय बुझी राजाबाटै वा प्रतिनिधि मार्फत न्याय सम्पादन गरिन्थ्यो भन्ने देखिन्छ ।

### (ख) लिच्छवीकालीन न्याय प्रशासन :

लिच्छवीकालीन शासन व्यवस्थामा पनि न्यायिक र प्रशासनिक निकायको पृथक-पृथक व्यवस्था थिएन । तत्कालीन न्यायप्रशासन तथा सामान्य प्रशासनको मूल स्रोत भट्टारक महाराजाधिराज वा परम् भट्टारक

महाराजाधिराज परमेश्वरका रुपमा राजा नै हुन्थे । लिच्छवीकालीन प्रशासन व्यवस्था तीन तहमा विभक्त भएको मानिन्छ । केन्द्रमा वंशानुगतक्रम अनुसार शासन गरी आइरहेका राजा भट्टारक महाराजाधिराज, प्रान्तमा केन्द्रीय प्रशासन वा राजाबाट नियुक्त गभर्नरको रुपमा सामन्तहरु र स्थानीय ग्राम क्षेत्रको लागि स्थानीय जनताबाट निर्वाचित पाञ्चालिहरु मुख्य प्रशासकका रुपमा रहन्थे ।

अन्तरासन वा परमासन, दौवारिक वा प्रतिहार, सर्वदण्डनायक, महाबलाध्यक्ष वा बलाध्यक्ष, पूर्वाधिकरण, पश्चिमाधिकरण, महाधिकरण, भट्टाधिकरण, कुवेर, शोल्ल, लिङ्वल र माप्चोक केन्द्रीय न्यायिक निकाय र पदाधिकारी थिए । प्रान्तीय न्यायिक निकाय तथा पदाधिकारीका रुपमा दङ्ग, तल, विषयपति, अट्ठकुलक र सुत्तधर रहन्थे भने पाञ्चाली, विर्तावाला र आर्यसंघ अनि चाटभट स्थानीय निकाय तथा पदाधिकारीहरुका रुपमा थिए ।

धर्मशास्त्र, प्रथा, परम्परा र रीतिरिवाजहरु, राजाज्ञा र सनदहरु लिच्छवीकालीन कानूनका स्वरुप थिए । लिच्छविकालीन दण्ड व्यवस्थाका रुपमा वाग्दण्ड, धिक्दण्ड, अर्थदण्ड वा धनदण्ड र बधदण्ड प्रमुख थिए ।

**(ग) मल्लकालीन न्याय प्रशासन :**

मल्लकालमा पनि लिच्छवीकालमा जस्तैः विभिन्न न्यायिक निकायहरुका माध्यमबाट न्याय सम्पादन हुने गरेको पाइन्छ । न्यायप्रशासन राजाका विचार र भावनाबाट प्रत्यक्षतः प्रभावित बन्ने गरेको पाइन्छ । यसकालमा पनि केन्द्रीय, प्रादेशिक र स्थानीय न्यायिक संगठनको स्वरुप भने पाइन्छ । कोटीलिङ्ग र इटाचपली केन्द्रीय देवानी तथा फौज्दारी अदालत थिए । राजा र राजसभा, चौतारा, महामात्य, अमात्य, प्रमान एवम् मुल्मी, धर्माधिकार, डिठ्ठा र बिष्ट अन्य केन्द्रीय न्यायिक पदाधिकारीहरु थिए ।

प्रादेशिक न्यायिक पदाधिकारीका रुपमा महासामन्त तथा सामन्त, पात्र र महापात्र, महामण्डलिक तथा प्रमुख थिए । प्रमान, द्वारे, छरिदार, देशनायक र पंचप्रमान वा पँचसमुच्चय स्थानीय न्यायिक पदाधिकारहरुका रुपमा रहेका थिए । धर्मशास्त्र, प्रथा, परम्पराहरु, राजाज्ञाहरु र सनदहरु मल्लकालीन कानूनका रुपमा रहेका थिए । मल्ल राजा जयस्थिति मल्लले वि.सं. १४३७ मा जारी गरेको "मानव न्यायशास्त्र" एक मुख्य कानून थियो । जसमा सारवान तथा कार्यविधि र देवानी तथा फौज्दारी कानून समावेश गरिएका थिए ।

मल्लकालमा अपराधलाई २ भागमा विभक्त गरिएको थियो । पञ्चखत वा पञ्चमहापातक (गम्भीर प्रकृतिका फौज्दारी अपराध) र अन्य अपराध (पंचखत बाहेकको अन्य अपराध) । शारीरिक दण्ड, आर्थिक दण्ड, वाक्दण्ड, धिक्दण्ड र जातपतन मल्लकालीन सजाय थिए ।

**(घ) गोरखाको शाहकालीन न्यायप्रशासन :**

गोरखामा वि.सं.१६१६ मा द्रव्य शाह राजा भए पश्चात पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरी राजधानी काठमाडौं नसार्दासम्मको समयलाई गोरखाको शाहकालीन न्यायप्रशासन अन्तर्गत समावेश गर्न सकिन्छ । गोरखाका शाह राजाहरुको पालाको न्यायप्रशासनको इतिहास हेर्दा राम शाह अगाडिको न्यायप्रशासनको बारेमा खासै जानकारी पाईंदैन । रामशाहले न्यायप्रशासनका क्षेत्रमा धेरै सुधारका कार्यहरु गरेका थिए र त्यसपछिका राजाहरुले त्यसैलाई पछ्याएको पाइन्छ । राजा राम शाह वडा प्रतापी राजा थिए । उनले आफ्नो शासनकालको २७ वर्षे अवधीमा एक "२६ दफे स्थिति" बाँधेका थिए । जुन गोरखा राज्यमा बस्ने ठूला, साना सबैका लागि समान रुपमा लागू हुन्थ्यो । फौज्दारी कसुरमा "जसको पाप उसको गर्धन" भन्ने स्थिति पनि उनैले बसालेका थिए । वन, जंगल, कुलो, पानी, पँधेरा सम्बन्धी कानून उक्त २६ दफे स्थितिमा समाविष्ट थिए । राजा, छ थर घर (पाण्डे, पन्त, अर्याल, खनाल, राना र बोहरा), चौतारीयाका झारी, काजीका बिन्ती, पञ्चकासन, धर्माधिकार र खर्दार त्यस समयका न्यायिक निकाय एवम् पदाधिकारी थिए । २६ दफे स्थितिका अलावा धर्मशास्त्र, स्थिति, सनद तथा राजाज्ञा त्यस वखतका कानून थिए । यस कालमा मुख्यतः वाक्दण्ड, अर्थदण्ड, देशनिकाला जस्ता दण्डहरु बढी प्रचलित थिए ।

**(ङ) काठमाडौंको शाहकालीन (वि.सं.१८२५ - १९०३) न्यायप्रशासन :**

श्री ५ पृथ्वीनारायण शाहले नेपाल एकीकरणको क्रममा वि.सं. १८२५ मा काठमाडौंका राजा जयप्रकाश मल्ल, त्यसको लगतैपछि पाटनमा राजा तेजनरसिंह मल्ल र भक्तपुरमा राजा रणजीत मल्ललाई पराजित गरेपछि काठमाडौं उपत्यका समेत शाहवंशीय राजाहरुका हातमा पर्दछ । पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय हात पारे पश्चात कानूनी व्यवस्थामा व्यापक फेरबदल गरेका थिए । उनी राम शाहको न्यायिक सुधारबाट धेरै प्रभावित थिए, त्यसैले राम शाहको भन्दा पनि धेरै स्थिति बाँध्ने उनको मनसुवा थियो तर नेपाल एकीकरणमा नै अलमलिन परेको कारण उनको त्यो धोको भने पूरा हुन सकेन । राजा पृथ्वीनारायण शाहकै न्याय व्यवस्थाले लगभग राणाशासनको प्रारम्भसम्म निरन्तरता पाएको थियो । तर प्रत्येक राजाका पालामा केही न केही

परिवर्तनहरु भने भएका थिए । तैपनि यस समयको न्याय प्रशासनलाई समग्र रुपमा हेर्दा राजा, धर्माधिकार, इटाचपली र कोटिलिङ्ग केन्द्रीय न्यायिक पदाधिकारी एवम् निकायका रुपमा थिए । धनकुटा गौडा अदालत, पाल्पा गौडा अदालत र डोटी मोहडा अदालत यस समयका प्रादेशिक न्यायिक संगठनहरु थिए । अड्डा, अदालत, कचहरी आदि जिल्ला स्तरीय थिए । राजाज्ञाहरु, रुक्काहरु, सनदहरु, सवालहरु र धर्मशास्त्रीय प्रावधानहरु कानूनका स्रोतहरु थिए । पँचअपराध र अन्य अपराध गरी दुई किसिमका अपराधहरु गाम्भीर्यताका आधारमा विभक्त थिए । अपराधीहरुलाई शारीरिक दण्ड, अर्थदण्ड र अन्य दण्ड गरी ३ किसिमका दण्डहरु दिईन्थ्यो ।

**(च) राणाकालीन न्याय प्रशासन :**

शासन व्यवस्थामा जंगबहादुरको उदय भए पश्चात केही समय न्याय प्रशासनमा उनले खासै परिवर्तन गरेनन् । वि.सं. १९०७ मा युरोप भ्रमण गरे पश्चात युरोपेली न्याय पद्दतिको प्रभावले नेपालको न्याय प्रशासनमा विद्यमान कतिपय दण्ड व्यवस्थाको परित्याग र परिमार्जन गरे । न्याय प्रशासनको पूनरव्यवस्थाको लागि प्रथमतः यिनले वि.सं. १९०९ मा गठित कौशलद्वारा निर्मित संहिता (मुलुकी ऐन)लाई वि.सं. १९१० पौष सुदी ७ का दिन जनसमक्ष ल्याई प्रारम्भ गर्ने व्यवस्था मिलाए । प्रस्तुत ऐनको कार्यान्वयनका लागि केन्द्र तथा जिल्लाहरुमा न्यायिक निकाय तथा पदाधिकारीहरुको प्रबन्ध गरे । त्यस्ता पदाधिकारीले सो ऐनको परिधिभित्र रही न्याय सम्पादन र प्रशासनको काम गर्नु पर्ने व्यवस्था समेत गरे । यसबाट कन्टिनेन्टल लेगल सिष्टमको नेपालमा प्रवेश भयो । राणाशासनको अन्तसम्म पनि जंगबहादुरले बसालेको न्याय प्रशासनको जगमा खासै ठूलो परिवर्तन देखिएन तापनि भिमशमसेरद्वारा मृत्युदण्ड उन्मूलन, चन्द्रशमसेरद्वारा सतीप्रथा र दासदासी प्रथा उन्मूलनका सुधारहरु गरिए । विर शमशेरले वि.सं. १९९७ मा प्रधान न्यायालयको स्थापना गरे । जुद्ध शमशेरले पनि आफ्नो शासनकालमा अदालतहरुको संख्या र क्षेत्राधिकारमा व्यापक परिवर्तन गरे । साथै उनले देशभित्र चलिरहेको प्रजातान्त्रिक आन्दोलनलाई मत्थर पार्न २००४ सालमा नेपाल सरकार वैधानिक कानून जारी गरे, जसमा प्रधान न्यायालय लगायत केही नागरिक अधिकारहरुको पनि व्यवस्था थियो । समग्रमा राणा शासनकालको न्याय प्रशासनलाई निम्नानुसार चित्रण गर्न सकिन्छ ।

कौशल, सदर देवानी र सदर फौज्दारी (कोटीलिङ्ग र इटाचपलीलाई परिवर्तन), धर्म कचहरी, भारदारी अदालत, विन्तीपत्र निक्सारी अड्डा, खड्ग निशाना अड्डा, मुलुकी बन्दोवस्त अड्डा आदि राणाकालीन न्याय प्रशासनका केन्द्रीय संगठनहरु थिए । पाल्पा गौडा अदालत, धनुकटा गौडा अदालत र डोटी मोहडा अदालतहरु त्यस समयका प्रादेशिक न्यायिक संगठनहरु थिए । पहाडी जिल्लाहरुमा सानातिना मुद्दा हेर्न अड्डा र अलि महत्वका मुद्दाहरु हेर्न अदालतको व्यवस्था थियो भने प्रायः तराई जिल्लामा जिल्ला स्तरीय न्यायिक निकायका रुपमा अमिनी कचहरीको व्यवस्था गरिएको थियो । जो ग्राम स्तरीय न्यायिक निकाय थिए ।

संहितावद्ध कानून (मुलुकी ऐन १९१०), सनदहरु, सवालहरु, धर्मशास्त्रीय प्रावधानहरु कानूनका स्रोत थिए । पञ्चखत र अन्य अपराध गरी अपराधलाई २ भागमा विभक्त गरिएको थियो । राणाकालिन दण्ड व्यवस्थालाई हेर्दा मृत्युदण्ड, सर्वस्वहरण, निर्वासन, जातपतन, दामल, कारावास र जरिवानाको प्रचलन रहेको पाइन्छ । न्याय निरोपण गर्दा न्यायविद्हरुले मुलुकी ऐन १९१० मा उल्लेख भएको कार्यविधि र प्रक्रिया अपनाई गर्नु पर्दथ्यो ।

**(छ) प्रजातन्त्रको प्राप्ति पश्चात प्रजातन्त्रको पूनःप्राप्तिसम्मको न्याय प्रशासन :**

२००७ साल फाल्गुण ७ गते राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापना पश्चात नेपालमा न्याय प्रशासनको आधुनिक कालखण्डको शुरुवात भएको मानिन्छ । २००७ सालमा नेपाल अन्तरिम शासन विधान जारी भई सोही बमोजिम मुलुकको शासन व्यवस्था संचालित हुन थाल्यो । प्रधान न्यायालय ऐन २००८ जारी भए पश्चात प्रधान न्यायालयको स्थापना भयो । मन्त्रीमण्डलको सल्लाहमा श्री ५ बाट प्रधान न्यायाधिश सहितका न्यायाधिश नियुक्त हुन्थे । २०१२ सालमा न्याय प्रशासन (पुनर्गठन) ऐन २०१२ ले सर्वोच्च अदालतको रुपमा प्रधान न्यायालय, पुरावेदन तहको अदालतको रुपमा जिल्ला अदालत र शुरु तहको अदालतको रुपमा इलाका अदालतको परिकल्पना गरेको भएतापनि उक्त ऐन प्रारम्भ नै हुन सकेन । प्रधान न्यायालय ऐन, २००८ लाई खारेज गर्दै २०१३ सालमा सर्वोच्च अदालत ऐन, २०१३ आयो । तर न्याय प्रशासन ऐन, २०१६ आउनु पूर्वसम्म नै सर्वोच्च अदालतको रुपमा प्रधान न्यायालय (२००८-२०१३) र सर्वोच्च अदालत (२०१३-२०१९), पुनरावेदन तहको अदालतको रुपमा अपिल अड्डा (१३ वटा) र शुरु तहको अदालतको रुपमा अमिनी (२१ वटा) र अदालतहरु (२४ वटा) रहेको पाइन्छ ।

न्याय प्रशासन ऐन, २०१६ प्रारम्भ भए पश्चात न्यायपालिकाको संरचनामा पनि परिवर्तन भयो । जस अनुसार सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र इलाका अदालत गरी ४ तह रहेको पाइन्छ । न्याय प्रशासन

(विविध व्यवस्था) ऐन २०१८ लागू भए पश्चात अदालतको तह सर्वोच्च अदालत, अञ्चल अदालत र जिल्ला अदालत गरी ३ तह कायम भयो । नेपाल अधिराज्यको संविधान २०१५ हरण गरी आएको नेपालको संविधान २०१९ प्रारम्भ भएपछि राज्यको प्रशासनिक विभाजन ७५ जिल्ला र १४ अञ्चलमा विभक्त भयो । २०३० सालमा क्षेत्रीय प्रशासनको सिद्धान्त लागू गर्ने सिद्धान्त अनुरुप जिल्ला र अञ्चलको सीमाना हेरफेर र चार क्षेत्रमा क्षेत्रीय प्रशासन सम्बन्धी कार्यालय खोल्ने व्यवस्था भयो । न्याय प्रशासन सुधार अध्यादेश २०३० ले २०३१ साल वैशाख १ गतेदेखि धनकुटा, काठमाडौं, पोखरा र सुर्खेतमा ४ क्षेत्रीय अदालतको स्थापना गऱ्यो । केही नेपाल ऐन ( संशोधन) अध्यादेश २०३८ ले सुदूरपश्चिमाञ्चल क्षेत्रीय अदालत र मध्यपश्चिमाञ्चल क्षेत्रीय अदालत गरी सुर्खेत क्षेत्रीय अदालतलाई फुटाली २ वटा क्षेत्रीय अदालतमा परिणत गऱ्यो । यसरी समग्रमा हेर्दा यस समयको न्याय प्रशासनमा छिटो, छिटो परिवर्तनहरु भैरहेको पाइन्छ । केही लामो अवधिसम्म अदालतको तहको रुपमा ४ तह सर्वोच्च अदालत, क्षेत्रीय अदालत, अञ्चल अदालत र जिल्ला अदालत रहेको देखिन्छ । न्याय प्रशासन संचालन गर्नका लागि न्याय प्रशासन विविध व्यवस्था ऐन, २०१८, सर्वोच्च अदालत ऐन २०२१, न्याय प्रशासन सुधार ऐन, २०२१ क्षेत्रीय अदालत नियमावली, अञ्चल तथा जिल्ला अदालत नियमावली, २०२० प्रमुख रुपमा रहेका थिए । मुलुकी ऐन, २०२० तथा विभिन्न विषयगत ऐनहरु कानूनका स्रोतका रुपमा थिए भने आवश्यकतानुसार प्रथा, परम्परा पनि अवलम्वन गरिन्थे । नजिर सम्बन्धी सिद्धान्तलाई पनि मान्यता दिइएको थियो ।

**(ज) २०४७ साल पछिको न्याय प्रशासन :**

२०४७ सालमा प्रजातन्त्रको पुर्नःस्थापना पश्चात मुलुकमा नयाँ संविधान नेपाल अधिराज्यको संविधान, २०४७ लागु भयो । नेपाल अधिराज्यको संविधान २०४७ ले स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्ने उद्देश्य राखेको पाइन्छ । संविधानको भाग ११ मा न्यायपालिका सम्बन्धी व्यवस्था रहेको थियो । धारा ८४ ले नेपाल अधिराज्यको न्याय सम्बन्धी अधिकार संविधान र कानून तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा अन्य न्यायिक निकायहरुबाट प्रयोग गरिने व्यवस्था गरिएको थियो । संविधानको धारा ८५(१) ले सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत गरी अदालतका ३ तह रहने व्यवस्था गरिएको थियो । यी बाहेक कुनै खास किसिमका मुद्दाहरु हेर्न कानूनद्वारा खास किसिमका अदालत वा न्यायाधिकरणको स्थापना गर्न सकिने धारा ८५(२) को प्रावधान अनुरुप हाल देशमा विशेष अदालत, श्रम अदालत, प्रशासकीय अदालत, राजस्व न्यायाधिकरण एवम् ऋण असुली न्यायाधिकरण (जिल्ला तह एवम् पुनरावेदन तह) समेत गठन भई हालसम्म कार्य गरी आएको पाइन्छ । तर कुनै खास मुद्दाको लागि विशेष अदालत वा न्यायाधिकरण गठन गर्न नसकिने व्यवस्था पनि सोही धारामा उल्लेख भएको थियो ।

न्यायपालिकाको स्वतन्त्रताका सम्बन्धमा पनि यस संविधानमा निकै महत्व दिइएको थियो । संविधान अनुसार सैनिक अदालत बाहेकका अन्य सबै अदालतहरु सर्वोच्च अदालत मातहत रहने व्यवस्था थियो । सर्वोच्च अदालत अभिलेख अदालतका रुपमा रहने व्यवस्था पनि संविधानले गरेको र न्यायाधिशहरुको नियुक्ति, योग्यता, सेवा शर्तहरु पनि संविधानमा तोकिएका थिए । प्रधानन्यायाधिश संवैधानिक परिषद्को सिफारिसमा र अन्य सबै न्यायाधिशहरु न्याय परिषद्को सिफारिशमा राजाबाट नियुक्त हुन्छन् । तर प्रतिनिधिसभा घोषणा २०६३ पश्चात भने यो व्यवस्था लागु भने नरहेकोमा नेपालको अन्तरिम संविधान २०६४ घोषणा भई जारी भएपछि यस पछाडिको न्याय प्रशासन सोही बमोजिम संचालनमा रहेको छ । सोही अनुसार प्रधानन्यायाधिशबाटै न्यायाधिशहरुको नियुक्ति भयो । सर्वोच्च अदालतका न्यायाधिशहरु ६५ वर्ष नपुगेसम्म र अन्य न्यायाधिशहरु ६३ वर्ष नपुगेसम्म आफ्नो पदमा बहाल रहिरहन्छन् । सर्वोच्च अदालतको क्षेत्राधिकार पनि संविधानमा नै स्पष्ट रुपमा तोकिएको छ । जसअनुसार शुरु मुद्दा हेर्ने, पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याई हेर्ने, पुनरावलोकन सुन्ने र राय दिने अधिकार सर्वोच्च अदालतलाई प्राप्त छ । यसका अलावा सर्वोच्च अदालतले Extra-ordinary jurisdiction अन्तर्गत विभिन्न किसिमका रीटहरु जारी गर्ने अधिकार पनि प्राप्त गरेको छ । पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधिशको नियुक्ति, योग्यता र सेवा शर्त पनि संविधानद्वारा नै किटान गरिएका छन् । उनीहरुको नियुक्ती न्याय परिषद्को सिफारिसमा हुन्छ । न्याय परिषद्ले न्यायाधिशहरुको नियुक्तिको सिफारिस गर्ने, अनुशासनको कार्यवाही गर्ने र न्यायाधिशको वर्खास्ती गर्नेसम्मको कार्यहरु गर्दछ । साथै यसले न्याय प्रशासन सम्बन्धी अन्य कार्यहरु पनि गर्दछ ।

नेपालको वर्तमान कानून प्रणालीलाई एङलो अमेरिकन कानून प्रणालीबाट प्रभावित कानून प्रणाली मानिन्छ । प्रथाजनित कानूनहरु एवम् हिन्दू कानून प्रणालीबाट प्रभावित कानून प्रणाली नेपाली रैथाने कानून प्रणालीमा विश्वका प्रमुख कानून प्रणालीहरुको प्रवेश भए पश्चात नेपाली कानून प्रणाली मिश्रित कानून प्रणालीको दर्जामा

अंकित हुन पुगेको छ । वेष्टमिनिष्टर मोडेलको पार्लियामेन्ट, संवैधानिक राजतन्त्र, कानून व्यवसायीहरुबाट न्यायाधिशमा नियुक्ती, नजिर सिद्धान्तको अवलम्वन, स्वतन्त्र न्यायपालिका र कानूनी राज्यको अवधारणा, मौलिक हकको प्रत्याभूति, कमन ल का सिद्धान्तहरुलाई मान्यता प्रदान, प्रतिद्धन्दात्मक अनुसन्धान पद्दतिको अवलम्वन, ओपन कोर्ट सिष्टम, कार्यविधि कानूनमा आधारित कानून पद्धति आदि कमन ल सिष्टमका प्रभावहरु हुन् । त्यसरी नै विधायनलाई/पद्दति कानूनको प्रमुखतम् स्रोतको रुपमा मान्यता, केही विशेष ऐनहरुमा प्रमाणको भार प्रतिवादीमा रहने सिद्धान्त, केही विशेष मुद्दाहरुमा बन्द इजलासको व्यवस्था, संयुक्त इजलास, विशेष इजलासको व्यवस्था, प्रशासकीय अदालत, श्रम अदालत, अन्य ट्राइबुनल र अर्धन्यायिक निकायहरुको व्यवस्था सिभिल ल सिष्टमका अवधारणाहरु हुन, जसलाई नेपाली कानून प्रणालीले पनि आत्मसात गरेको छ । त्यसरी नै जग्गा, जमिन एवम् सम्पत्ति सम्बन्धी कानून र कानूनी व्यवस्थामा समाजवादी कानून प्रणालीको प्रभाव पनि देख्न सकिन्छ । नेपाली कानूनका स्रोतहरुमा कमन ल का स्रोतहरुको अनुसरण गरिएको छ । जसअनुसार संविधान, विधायन, नजिर, प्रथा, परम्पराहरु, कानूनविद्हरुका लेखहरु, न्याय, सद्‌विवेक जस्ता अन्य मान्य सिद्धान्तहरु रहेकाछन् ।

संविधानबाट अख्तियारी प्राप्त गरी न्याय प्रशासन संचालन गर्नका लागि अन्य ऐन, नियमहरुको पनि निर्माण भएको छ । न्याय-प्रशासन ऐन २०४७, सर्वोच्च अदालत ऐन २०४८, सर्वोच्च अदालत नियमावली २०४९, पुनरावेदन अदालत नियमावली २०४८, जिल्ला अदालत नियमावली २०५२, सरकारी मुद्दा सम्बन्धी ऐन २०४९, मुलुकी ऐन २०२० आदि न्याय प्रशासन सम्बन्धी वर्तमान कानूनी व्यवस्था हुन् । यी बाहेक न्याय परिषद् ऐन २०४७, ले पनि न्यायाधिशका सेवा, शर्त योग्यता, क्षमता, परिधि, अदालतको क्षेत्राधिकार सम्बन्धमा व्यवस्था गरेको पाइन्छ । त्यसरी नै श्रम अदालत ऐन, नियम, प्रशासकीय अदालत नियमावली, विशेष अदालत ऐन, २०५९, संक्षिप्त कार्यविधि ऐन, २०२८ लगायत पनि न्याय प्रशासन सम्बन्धी अन्य केही कानुनहरु हुन् ।

## ५. नेपालको न्याय प्रशासनका केही समस्याहरु :

न्यायपालिकाद्वारा कानून बमोजिम न्याय प्रदान गर्ने सिलसिलामा गरिने सम्पूर्ण कार्यहरु न्याय प्रशासन अन्तर्गत पर्दछन् । यस सिलसिलामा अदालतले उजुरी , निवेदन लिने, म्याद सूचना जारी गर्ने, तामेल गर्ने, प्रतिउत्तर लिने, प्रमाण बुझ्ने, मूल्यांकन एवम् विश्लेषण गर्ने, फैसला गर्ने र फैसला कार्यान्वयन गर्ने लगायतका चरणहरु पार गर्दा अपनाउनु पर्ने कार्यविधिहरु न्याय-प्रशासन अन्तर्गत पर्दछन् । नेपाली न्याय प्रशासन हिन्दू विधिशास्त्रबाट प्रभावित भएतापनि यसमा विश्वका प्रमुख कानूनी प्रणालीहरुको समेत उत्तिकै प्रभाव परेको छ । नेपाली न्याय प्रशासन मूलतः परम्परावादी खालको देखिन्छ । तापनि कतिपय आधुनिक सिद्धान्तहरुको पनि यसमा बाहुल्यता पाइन्छ । खास गरी प्रजातन्त्रको पुर्नःप्राप्ति पश्चात नेपालको न्याय प्रशासनमा आधुनिकताको प्रवेशमा वृद्धि भएको देखिन्छ । न्याय प्रशासनका लागि आवश्यक ऐन, नियमहरुमा समयानुकूल सुधार, साधन र स्रोतको वृद्धि, अध्ययन अनुसन्धानको थालनी, मानव संशाधनको विकास, अदालत व्यवस्थापनमा सुधार आदि यसका केही उदाहरणहरु हुन् । यद्यपी न्याय प्रशासनका क्षेत्रमा समयानुकूल सुधारहरु हुँदै आएका छन् । तापनि न्यायप्रशासनको क्षेत्र अहिले पनि विवादबाट टाढा भने छैन । यसका पनि आफ्नै बाध्यता र समस्याहरु रहेकाछन् । फलतः जनइच्छा र आकांक्षा अनुसार कार्य गर्नमा यो क्षेत्र पनि सफल देखिइरहेको छैन । वर्तमान अवस्थामा न्याय प्रशासनको निष्पक्ष मूल्यांकन गर्दा निम्नानुसारका समस्याहरु नेपालको न्याय प्रशासनमा देख्न सकिन्छ ।

(क) **अस्थिर नीति** : अस्थिर नीति नेपालको न्याय प्रशासनको एक प्रमुख समस्या रहेको छ । पाँच दशकको हाम्रो न्याय प्रशासनको इतिहासमा पाँचवटा न्याय प्रशासन ऐनहरु जारी भएको पाइन्छ । त्यसरी नै यस अवधिमा अदालतको संरचना १६ पटक परिवर्तन भएको देखिन्छ । यस किसिमको अस्थिर नीतिले न्याय प्रशासन सुदृढ एवम् सक्षम हुन सक्दैन । स्थिर नीति विना न्याय प्रशासनको समग्र विकास सम्भव छैन ।

(ख) **न्याय सम्पादनमा ढिलाई** : न्याय सम्पादनमा ढिलाई न्याय प्रशासनको अर्को समस्याको रुपमा रहेको छ । यसका धेरै कारणहरु रहेकाछन् । न्यायिक कार्यविधि लामा र जटिल प्रकृतिका हुँदा समयमै र प्रभावकारी रुपमा न्याय प्रदान गर्न मुस्किल हुन्छ । कतिपय कार्यविधिगत कानूनी व्यवस्थाहरु ३३ वर्ष पूराना छन् । समय सुहाउँदो सुधारको आवश्यकता छ । हाम्रो प्रमाण ऐन प्रतिद्धन्दात्मक प्रणालीमा आधारित हुँदा एउटै प्रमाण प्रहरी र अदालतमा संकलन एवम् परीक्षण गर्दा समय धेरै लिन्छ । प्रमाणको भार वादीमा रहने, शंकाको सुविधा अभियुक्तले पाउने र आफ्नो विरुद्ध वयान दिन कर नलाग्ने जस्ता सिद्धान्तहरुलाई कसुरदारहरुले आफ्नो फाइदाको निमित्त प्रयोग गरिदिने र परम्परावादी अनुसन्धान पद्धतिले साँचो र झुठो ठम्याउन नसक्नाले पनि मुद्दाको धेरै समय यसैमा रुमलिन्छ । कुनै पनि विवाद वा मुद्दाको समयमा

छिनोफानो नहुनु, लाखौंको संख्यामा मुद्दाहरु अदालतमा विचाराधिन हुनु, सकभर न्यायिक निर्णय नै नहुनु, भईहाले पनि ढिलो न्याय प्राप्त हुनु, अदालतका प्रशासनिक अंगहरुमा अनियमितता हुनु आदि सबैको “जड” नेपाली कानूनी प्रणालीको कार्यविधि सम्बन्धी कानून र प्रक्रियामा रहेको खोट र त्रुटि हो ।

(ग) **अदालतहरुका बीच असमान धारणा :** यो न्याय प्रशासनको अर्को प्रमुख समस्या बनेको छ । कार्यविधि कानून, प्रमाणको मूल्यांकन, एवम् कानूनको व्याख्याका सम्बन्धमा अदालतका तहहरुका बीच परस्पर असमान धारणाहरु पाइन्छन् । सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुमा पनि समानता देखिदैन । एक आपसमा बाँझिएका देखिन्छन् । एक बेञ्चबाट भएको निर्णय, अर्को बेञ्चबाट उही विषयवस्तुमा फरक पर्दछ । यसको पालनाका सम्बन्धमा पनि सबै अदालतहरुमा समान मत देखिदैन । एउटै नजिर एक अदालतले एक किसिमबाट प्रयोग गर्दछ भने अर्को अदालतबाट अर्कै रुपमा प्रयोग भएको पाइन्छ । कार्यविधि सम्बन्धी कानूनहरु जस्तो मुलुकी ऐन, अदालती नियमावली, विशेष अदालत ऐन, संक्षिप्त कार्यविधि ऐन र बालबालिका सम्बन्धी ऐनहरुमा रहेका केही व्यवस्थाहरु एक आपसमा मिश्रित प्रकृतिका पनि देखिन्छन् । कुन अवस्थामा कुन लागू गर्ने भन्ने सम्बन्धमा सम्पूर्ण अदालतहरुमा समान धारणा पाइदैन । अदालतहरुका बीच समान धारणा आजको प्रमुख आवश्यकता बनेको छ ।

(घ) **वैज्ञानिक कार्यविधिको अभाव :** हामी कहाँ भएको धेरै जसो कार्यविधि कानून परम्परावादी एवम् जटिल प्रकृतिका छन् । समय सुहाउँदो सरल र वैज्ञानिक कार्यविधिको अभावले न्याय प्रशासनको कार्यमा धेरै जटिलता उत्पन्न हुँदा न्यायिक कार्यमा ढिला सुस्ती र थुप्रै आलोचना गर्ने ठाउँ दिएको छ । तसर्थ वैज्ञानिक कार्यविधिको निर्माण समयको माग हो ।

(ङ) **न्यून बजेट :** अदालतका लागि आवश्यक बजेटका लागि सरकारको मुख ताक्नुपर्ने र प्राप्त बजेट पनि अत्यन्त न्यून हुनाले न्यायपालिकाको स्वतन्त्रता र सफल न्याय प्रशासन दुवैका लागि यो ठूलो समस्या बनेको छ । सरकारको दृष्टिमा न्यायपालिकाको स्वतन्त्रता र सफल न्याय प्रशासन दुवैका लागि यो ठूलो समस्या बनेको छ । सरकारको दृष्टिमा न्यायपालिकालाई स्थायी विपक्षीको रुपमा लिईनु अर्को विडम्वना मान्न सकिन्छ । जनइच्छा र आकांक्षा  अनुसार न्याय प्रशासन संचालन गर्नका लागि न्यायपालिकालाई आवश्यक बजेट विनियोजन हुनुपर्ने देखिन्छ ।

(च) **वैज्ञानिक अदालत व्यवस्थापनको अभाव :** आधुनिक युगको थालनीसँगै विश्वका धेरै देशहरुमा वैज्ञानिक व्यवस्थापनको शुरुवात भएको पाइन्छ, भने हामी कहाँ अझसम्म पनि यसको शुरुवात हुनसकेको छैन । अदालतमा पर्ने विभिन्न किसिमका मुद्दा एवम् उजुरीमा सारभूत कानूनी औचित्यता र कार्यविधिगत सरलताको व्यवस्था गरी ठीक समयमा ठीक तरिकाले न्याय प्रदान गरी न्यायको मर्मलाई व्यवहारमा उतार्नु नै अदालत व्यवस्थापनको लक्ष्य हो । वैज्ञानिक अदालती व्यवस्थापन विना अहिलेको रुढीगत व्यवस्थापनले यो उद्देश्य हासिल गर्न सक्तैन । अदालत व्यवस्थापनभित्र मुद्दा व्यवस्थापन, समय व्यवस्थापन, अभिलेख व्यवस्थापन, भौतिक स्रोत र साधन व्यवस्थापन, वित्तीय व्यवस्थापन र विविध व्यवस्थापन पर्दछन् । विविध व्यवस्थापन अन्तर्गत मानव संशाधन व्यवस्थापन, इजलास व्यवस्थापन, पुस्तकालय व्यवस्थापन र वाह्य व्यवस्थापन पर्दछन् । अतः यी सबै व्यवस्थापनको वैज्ञानिकीकरणको आवश्यकता देखिन्छ ।

(छ) **असन्तोषजनक फैसला कार्यान्वयन :** मुद्दा फैसला गर्दैमा न्यायको उद्देश्य पूरा हुँदैन । वास्तविक न्याय तब प्राप्त हुन्छ ,जब फैसलाको सफलतापूर्वक कार्यान्वयन हुन्छ । वर्तमान न्याय प्रशासनको प्रमुख चुनौती मध्ये फैसला कार्यान्वयन एक हो । हामी कहाँ फैसला कार्यान्वयनको अवस्था ज्यादै न्यून रहेको छ । सफलादेवी र चौरसिया परिवारको कुरा थाहा पाउने जो कोहीको आङ्ग एक पटक झसँग हुन्छ, फैसला कार्यान्वयनको कुरा गर्दा । फैसला कार्यान्वयनसँग सम्बन्धित कानून र कार्यविधिमा सरलता र छिटो, छरितो कार्यान्वयन समयको माग हो ।

(ज) **भ्रष्टाचार :** भ्रष्टाचार सम्पूर्ण राष्ट्रकै प्रमुख असाध्य रोग हो । यो न्यायपालिकाबाट पनि टाढा   छैन । अदालतका बहिदार, विचारीदेखि सर्वोच्च अदालतका प्रधान न्यायाधिशसम्मको नाम भ्रष्टाचारमा मुछिने गरेको छ । सूर्य टोवाको एवम् रोविन्सन प्रकरण यसका केही उदाहरण मात्र हुन् । प्रकाशमा नआएका यस्ता सयौं प्रकरणहरु होलान् जसले न्यायपालिकालाई बदनाम मात्र बनाएको छैन, बरु न्याय प्रशासनलाई नै असफल बनाउनमा कारकतत्वको रुपमा काम गरिरहेको छ । भ्रष्टाचारमुक्त न्याय प्रशासन जनचाहना र आवश्यकता दुवै हो ।

(झ) **आत्मकेन्द्रीत वकिलहरु :** भनिन्छ, वकिलहरु अदालतका मित्र एवम् सहयोगी हुन् । न्याय प्रशासनको कार्यमा उनीहरुको पनि ठूलो हात रहन्छ । मुद्दालाई छिटो गराउने, ढिलो गराउने र न्याय प्रशासनलाई सफल र

असफल गराउनमा उनीहरुको पनि ठूलो भूमिका हुन्छ । हामी कहाँ पनि वकिलहरुले न्याय प्रशासनमा ठूलो भूमिका खेलेका छन् । अन्यत्र जस्तै हामी कहाँ पनि राम्रा, नराम्रा दुवै खाले कानून व्यवसायीहरु पाइन्छन् । केही कानून व्यवसायीहरु न्याय प्रशासनको सफलतालाई भन्दा बेसी आफ्नो सफलतालाई महत्व दिन्छन् । मुद्दा लम्ब्याउने, पटक-पटक पेशी सार्ने, अङ्ग पुगिसकेको मुद्दालाई फैसला गर्नबाट रोकी आदेश गराउने जस्ता कुरालाई महत्व दिई मुद्दा लम्ब्याई समयमा फैसला हुन नदिने प्रकृतिका कानून व्यवसायीहरु हामी कहाँ पनि प्रशस्त छन् भन्दा फरक नपर्ला, जुन सफल न्याय प्रशासनको लागि सहायक सिद्ध हुन सक्तैन । यस सन्दर्भमा सम्पूर्ण कानून व्यवसायीहरुले बुझ्नु पर्ने कुरा के हो भने अदालतको छवी राम्रो हुँदासम्म मात्र जनताले अदालत धाउँछन् । यदि अदालतको छवी र जनआस्था घट्यो भने जनताहरु पनि अरु नै बाटो खोज्न पट्टी लाग्छन्, जुन वर्तमानमा भोगिएको छ । त्यसपछि कानून व्यवसायीको गरी खाने पेशा संकटमा पर्छ ।

(ञ) **जनआस्थामा गिरावट** : जनआस्थामा गिरावट न्याय प्रशासनको अर्को चुनौती बनेको छ । न्यायपालिकाको सम्पत्ति र इज्जत भनेकै जनआस्था हो । यसलाई घटन नदिन न्यायपालिकाले सदैव चनाखो भएर कार्य गर्नुपर्दछ ।

## उपसंहार :

माथि उल्लिखित समस्याहरु वर्तमान अवस्थामा देखिएका केही जल्दा बल्दा समस्याहरु मात्रै हुन् । नदेखिने अन्य यस्ता धेरै समस्याहरु न्यायपालिकाभित्र छन्, जसले न्याय प्रशासनको कार्यमा बाधा, व्यवधानहरु खडा गरिरहेकाछन् । यिनीहरुको समाधानका लागि समग्र न्यायपालिकाले प्रण गर्दै त्यसतर्फ उचित पाइला चाल्नु आजको आवश्यकता हो । त्यसमा न्यायपालिकासँग सम्बन्धित सम्पूर्ण जनता, सरकार, कानून व्यवसायी, संचार माध्यम, प्रहरी प्रशासनको सहयोग पनि उत्तिकै आवश्यक हुन्छ । न्याय प्रशासनका यी र यस्तै समस्याहरुको समाधान गर्ने उद्देश्यले लामो समयदेखि प्रयासहरु पनि भएका छन् । जस्तो कि न्याय सुधार आयोग २०२८, शाही न्याय सुधार आयोग, २०४० । यस बाहेक सर्वोच्च अदालतका न्यायाधिशहरुको सम्मेलन, पुरावेदन अदालतको मुख्य न्यायाधिशहरुको सम्मेलन, पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधिशहरुका सम्मेलन, केही समयदेखि रोकिएको पुरावेदन अदालतका रजिष्ट्रारहरुको सम्मेलनहरुबाट पनि न्याय प्रशासनका लागि आवश्यक सुझावहरु दिएको पाइन्छ । त्यसरी नै अदालती व्यवस्थापनमा सुधार गर्ने हेतुले अदालत व्यवस्थापनका सम्बन्धमा लामो अध्ययन गरी २०५४ सालमा अदालत व्यवस्थापन समितिको प्रतिवेदन र २०५८ मा अदालत सुदृढीकरण सुझाव प्रतिवेदन पनि तयार भई हाल सो अनुसार केही सुधारका कार्यहरु थालिएका छन् । हालसालै Danida/HUGOU को आर्थिक सहयोगमा Strategic plan या the Nepali Judiciar 2004-2008 तयार भई कार्यान्वयनको प्रक्रिया रहेको छ । अतः यी सम्पूर्ण सुधारका प्रयासहरुलाई हेर्दा वर्तमान अवस्थामा नेपालको न्याय प्रशासनको क्षेत्रमा नयाँ किरणको उदय भएको छ । साथै दोश्रो जनआन्दोलन २०६३ को सफलतासंगै हाल मुलुकमा नयां संविधान निर्माणको प्रयास समेत भैरहेको छ, अतःआगामी दिनमा बन्ने नयां संविधानले स्वतन्त्र र सक्षम न्यायपालिकाको लागि रहेका सबै ब्यबधानहरु हटाओस र आगामी दिनमा नेपालको न्याय प्रशासनले सफल न्याय प्रशासनको दर्जा हासिल गर्न सकोस् र सम्पूर्ण नेपालीको मन जित्न सकोस् यही शुभकामना ।

## सन्दर्भ सामाग्री :


- Dr. B. N. Tripathi, Legal Theory, Ilahabad Law Agency, Faridabad, 2003
- Kalyan Shrestha, Harnessing the Capbilities या Judiciary to Meet Challenges for Expeditious Delivery of Justice, A Legal Article, Fourth SAARC Law Conference, Kathmandu
- Bishal Khanal, Emerging Problem या Stability in Structural set up of Judiciary in Nepal, Essays on Constitutional Law, Vol.19, 2051
- The Constitution या the Kingdom of Nepal, 1990
- विशाल खनाल, नेपालको न्याय प्रशासन एक सिंहावलोकन, २०५०
- भीमार्जुन आचार्य, नेपाली कानूनी प्रणाली, कानून, पूर्णांक २४, अंक ३६
- रेवतीरमण खनाल, रिट निवेदन, २०५०
- रेवतीरमण खनाल, नेपाली कानूनी इतिहासको ऐतिहासिक रुपरेखा, २०५९